# नेपालमा फलफूलखेतीको महत्व र लगाउने तरीका

बर्षै पहिले लप्सी, चम्पाका, बर, पिपल, पयूँ, आरु, आरुबाखडाले ढाकेको नेपालको बनजंगल मानव वस्ती बाकलीने क्रममा घर, मठमन्दिर, खेती योग्य जमिन तयार गर्दा मासिदै गयो । नेपालको भौगोलिक विविधताका कारण विभिन्न  हावापानीमा हिमाल देखि तराई सम्म विभिध प्रकारका विरुवाहरु हुर्किरहेका छन् र अझ धेरै प्रकारका विरुवाहरु हुर्काउने प्रवल सम्भावना रहेको छ ।

नेपालका हजारौं युवा युवतीहरु रोजगारीको सीलसीलामा विदेश पलायन भईरहेको छ । यसले गर्दा नेपालको कृषि क्षेत्रमा नकारात्मक असर परिरहेको यथार्थता हामी सबैलाई अवगत नै छ । यस्तो अवस्थामा अन्न वाली वा तरकारी खेती जसमा धेरै श्रम चाहिन्छ त्यसको विकल्पमा बहु मुल्य फलफुल, ओखर, कागजी बदाम लगाउन सकिने प्रवल सम्भावना रहेको छ । फलफुल र बदाम खेती गर्दा न्युन कामदार भएपनि पुग्ने र निरन्तर रेखदेखको आवश्यकता नरहने हुँदा रुख विरुवा रोप्ने कार्य नेपालको परिप्रेक्षमा कोसेढुंगा सावित हुन सक्छ ।

दुर्गमका किसान जो आफ्नो पुर्खौली जमिनमा खेती गर्दै आईरहेका छन्  र उन्नत भविष्यको आशामा आफ्नो कर्म गरिरहेका छन् उनीहरुका लागि वृक्षा रोपण कार्य फलदायी हुन सक्छ । बाटोघाटोको सुविधा, सञ्चार माध्यमको उपलब्धताका कारण आवश्यक सुचना पाउन सकिने भएकोले कृषि उपजको बजार व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिएको छ र साथै यसले कृषि क्षेत्रको विकासमा नयाँ अवसरको श्रृजना गर्न सकिने प्रवल सम्भावना देखिएको छ । हाम्रो देशको परिप्रेक्षमा चिया, कफी, अलैंची, बेसार खेती आय आर्जनको राम्रो श्रोत भई सकेको र देशको आर्थिक विकासमा समेत टेवा पुऱ्याएको तथ्य हामी सामु प्रष्ट छ ।

## फलफुल, बदाम खेती आय आर्जनको उत्तम विकल्प

नेपालको आन्तरिक बजारमा खपत हुने ९५% भन्दा बढि फलफुल, बदाम, ओखर भारत र चीन लगायत अन्य देशबाट आयात भई रहेको छ भने स्याउ, नासपाती, अनार, अंगुर, केरा, आँप जस्ता फलफुलहरु भारत र चीनबाट आयात भईरहेको छ । त्यसै गरी कागजी बदाम, ओखर, पीस्तासीयो, काजु क्यालीफोर्नीया तेश्रो मुलुकबाट आयात भई रहेको छ । नेपालको भोगोलिक विविधता र विविध हावापानीका कारण यी सबै फलफुल र बदाम हाम्रै देशमा उत्पादन गर्न सकिने प्रवल सम्भावना रहेको छ ।सरसर्ति हेर्दा काठमाडौंमा चुच्चे ओखर र म्याकाडेनिया नट ३० वर्ष अगााडी लगाईएको र राम्रो संग उत्पादन दिइरहेको देख्न सक्छौं तर बजारमुखी हुन नसकेको अवस्था छ । आजको दिनमा बदामको मूल्य ७०० देखी १२०० सम्म रहेको छ । फलफूल र बदाम खेती गाँउ घर/पाखामा गर्न सके अझै राम्रो हुन सक्छ किनभने बदाम, ओखर फलेपछि गाउघरमै भण्डारण गर्न सकिने र आफ्नो अनुकुल र बजार मूल्य अनुसार जहिले पनि बेच्न सकिन्छ । बदाम र ओखर धेरै पोषिलो, महंगो भण्डारण गर्न सजिलो र बजारमा ल्याउन सजिलो हुने हुँदा बदाम खेती गर्नु निकै फाईदा र सम्भावना छ ।

## अर्गानिकको मूल्य

फलफूल, ओखर बदामको मूल्य निकै राम्रो छदैछ साथै प्राङ्गारिक तरिकाबाट उत्पादित बस्तुलाई अझ बढि प्रोत्साहन  गर्नु जरुरी छ । विश्वको जनसंख्या विषादी, रसायनिक मलको कुप्रभाव प्रति सचेत भईसकेका छन् नेपालमा पनि धेरै मानिसहरु विषादीको कुप्रभाव, विषक्त खानाबाट उत्पन्न हुन सक्ने विभिन्न रोगहरु जस्तै दम, खोकी, नपुसकता, अङ्ग भङ्ग भएका बच्चा जन्मने, क्यान्सर जसता रोगबाट जानकार भईसकेका छन् । कालिमाटिमा भएको विषादी औषधी परिक्षण पश्चात सबै जसो खाद्य पदार्थमा केही न केहि मात्रामा विषादीको अवषेश पाईएको हुँदा मानिसहरु त्राषित भएका छन् भने प्राङ्गारिक खाद्य तत्वको माग पनि बढेको देखिन्छ ।

## रुख कसरी रोप्ने

रुख विरुवा रोप्ने काम त्यति कठिन होईन तर त्यसो भन्दैमा माटोमा लगेर गाड्दैमा विरुवा त्यति फस्टाउँदैन । रुख विरुवा रोप्नु अगााडी रुखलाई कसरी रोप्ने,बढाउने, तालिम दिने, मलखाद कति आवश्यक हुन्छ पानी कति हाल्ने कसरी हाल्ने र कहिले हाल्ने काटछाट कहिले गर्ने, रोग किरा ब्यवस्थापन कसरी गर्नै भन्ने विषयमा राम्रो जानकारी हुनुपर्दछ । रुख रोप्दा निम्न कुरामा ध्यान दिनु आवश्यक देखिन्छ ।

१. **जग्गा छनौटः** धेरै जसो किसानको जग्गाहरु पुर्खौलि जग्गा हुने गरेको छ । यदि पैतृक जग्गा भन्दा भाडामा लिने भने जग्गा समुद्री सतहबाट कति उचाईमा छ, जग्गाको मोडा (जग्गा कुन दिशामा फर्किएको छ), कतिको वर्षा हुन्छ पानीको स्रोत कस्तो छ बजार ब्यवस्थापन र सामाजिक सुरक्षाको स्थिती कस्तो छ यि सबै चिजहरुमा ध्यान दिनु आवश्यक हुन्छ ।

२. राम्रो गुणष्तरको विरुवाको खोजः विरुवा रोप्नु भन्दा पहिला विरुवाको श्रोत पत्ता लगाउन अनिवार्य हुन्छ । विरुवा रोग किराले ग्रस्त छ वा छैन, विरुवा बनाउन प्रयोग भएका सामग्रीको गुणक्षतर कस्तो छ, विरुवाको वृद्धि विकास, कोपिला सबै राम्रो भएको छनौट गर्नुपर्दछ ।

३. रुख रोप्दा जग्गा भौगोलिक दृष्ट्रिले स्वाउँदो छ कि छैन ध्यान दिनु पर्दछ जस्तै कागजी बदाम १५०० देखी १८०० मिटरको उचाईमा लगाउनु राम्रो हुनछ तर बेशीमा लगेर लगाउँदा त्यति राम्रो हुँदैन त्यस्तै आँप लिचि बेशीमा हुने फल हो हिमालमा लगेर लगाउनु मुर्खता हुन्छ ।

४. बजार ब्यवस्थापनः तपाईले रोज्नु भएको विरुवाले दिने फलको बजार कस्तो छ राम्रो ध्यान दिनु जरुरी छ यदि तपाईले १००० किवि. वा कागजी बदाम रोप्न खोज्नु भएको छ भने त्यसका बजार कस्तो छ कता हो त्यो ज्ञान हुनु पर्छ नभय धोका हुन सक्छ ।

५. दुरी ब्यवस्थापनः रुख देखी रुखको दुरी कति राख्ने त्यसको पनि ज्ञान हुन पर्दछ । सामन्यतया १ रुख देखी अर्को रुखको दुरी १८-२५ फिट सम्म र त्रिकोणात्मक आकारमा रोपिन्छ ।




कुनै कुनै रुख सो परागसेचन हुन्छन भने कुनै कुनै विरुवा पर परागसेचन हुन्छन त्यसो हुँदा कुन कुन विरुवा पर परागसेन र कुन कुन सो परागसेन हुने राम्रो ज्ञान हुन पर्दछ । जस्तै किवि फल्नको लागि ४ देखी ८ वटा पोथीको विचमा १ वटा भाले विरुवा रोप्नु पर्दछ ।

६. रुख रोपाईः- रुख एउटै ठाँउमा धेरै वर्ष रहने हुँदा निम्न कुरामा ध्यान दिनु आवश्यक हुन्छ ।

रुख रोप्ने समयको छनौट, सामन्यतया रुखहरु दुई किसिमका हुन्छन :-

क. पतझरः स्याउ, खोखर, आरुपखडा, कागजी बखाम ।

ख. सदावहारः एबोगार्डो, सुन्तला जातका फलफूलहरु, म्याकाडेमिया, कफी जैटुन आदि ।

पतझर बिरुवा रोप्ने उत्तम समय भनेको जब ति विरुवाहरुको पात सबै छ्र्ं मंसिर देखी पुषसम्म उत्तम समय मानिन्छ । यि अवस्थामा रुखहरु सुसुक्त अवस्थामा हुने हुँदा एक ठाँउबाट अर्को ठाँउमा लैजादा खासै फरक पर्दैन । सदावहार रुख वर्षा याममा

असार देखी साउन सम्म उत्तम मानिन्छ । विरुवा रोप्नु भन्दा पहिले विरुवाको स्रोत पत्ता लगाउनु पर्छ विरुवा खेतमै नर्सरी गरिएको छ वा पोलिथिन थैलामा रोपिएको छ । यदि विरुवा खेतमै नर्सरी गरिएको छ र उखेलेर लानु पर्ने छ भने विरुवा उखेलिएर लानु अगावै खाडल तयार हुनु पर्दछ । विरुवा उखेलिएर लगेपछि रोपिहाल्नु पर्छ नभए धेरै विरुवाको जरा सुक्ने र पछि विरुवा नै मर्ने पनि डर हुन्छ तर पोलिथिनमा छ भने त्यति डर हुदैन ढुवानी गर्न चाही विरुवा उखेलिएर लान सजिलो हुन्छ ।

**रुख रोप्ने तरिका**

क. खाल्डो तयारीः काल्डो ३ फिटहृ ३ फिट को खन्नु पर्दछ । खाल्डो खन्दा निस्केका ढुङगा छान्नु पर्दछ । खाल्डो खनेपछि ६ देखी ८ इन्च जती सुकेको र हरियो चिजहरु पिदमा राख्नु पर्दछ । खाल्डोबाट निस्केको माटोमा १ किलो पिना १ किलो हड्डीको धुलो १ किलो खरानी र ३० देखी ४० किलो कम्पोष्ट मल माटोमा मिसाई खाल्डो पुर्ने, खाल्डो पुर्दै जाँदा भर्ने समयमा एउटा लठ्ठी खाल्डोको बिचमा पर्ने गरी गाड्ने ताकी विरुवा रोप्दा खाल्डोको विचमै परोस ।

खाल्डो माटोको सतह देखी ६० से.मी जती अग्लो बनाउने र लठ्ठी निकाली त्यही विरुवा रोप्ने, निकाल्ने विरुवा यदि पोलिथिन थैलोमा भए पोलिथिन थैला विस्तारै च्याप्ने र जराहरु बटारिएको भए विस्तारै कच्चीले काट्ने यदि जराहरुमा चोटपटाक लागेको वा रोगी भए त्यस्ता जराहरु पनि काट्ने र विस्तारै जराहरु चारैतिर फिजायर रोप्ने ।

विरुवा रोप्दा विरुवा कलनी गरिएको भए कलमी गरिएको भाग हावाको गति तिर फर्काएर रोप्ने । रोपेपछि १० से.मी टाढा एउटा लठ्ठी गाडी उल्टो तिर तानेर बाध्ने ।

माटोले पुर्दा कलनी गरेको भाग कलिने पनि नपुर्ने नर्सरीबाट विरुवा ल्याउदा जहाँ सम्म माटोले पुरिएको थियो त्यही सम्म मात्र माटोले छोप्ने विरुवा रोप्ने काम पुरा भईसकेपछि पानी लगाउनको लागि विरुवाको ओरिपरि खाल्डो जस्तो बनाउने । खाल्डो बिरुवाको फेदैमा कहिल्लै नबनाउने जहिशले पनि फेद अग्लो बनाई ओरपर खाल्डो खन्ने तर वर्षातमा रुख रोप्ने कार्य गर्नु परेमा वढि भएको पानी कटाउन वरपर कुलो बनाउनु  पर्छ । यदि कुलो बनाई पानी कटाउन नसकिए । फेद कुहिले सम्भावना बढि हुन्छ ।




रुख रोप्ने सम्पूर्ण कार्य सकियपछि हल्का काँट छाट गर्ने  । काटछाट गर्ने दुई विधिहरु छन्

क. मुल ढाँठ राखी सहायक हाँगा राख्ने वा

ख. कचैरा आकारमा सहायक हाँगाहरु राख्ने तर विरुवा राम्रो हुनको लागि मुल ढाँठ विधि उपयूक्त हुन्छ किनभने कचौरा जस्तो आकार बन्दा पानी जम्ने हाँगा कुहिने डर प्रवल हुन्छ ।

यति गरिसकेपछि निरन्तर रुपमा रुखको अवलोकन गर्ने र जाडो याममा पुनः पतझर विरुवाको काठछाठ गर्ने काठछाठ गर्दा मुल डाठ विधिलाई निरन्तरता दिने, काठछाठ गर्दा रोगी घाउ चोट लागेका चोर हाँगा एक आपसमा जोडिएका हाँगा मुल हाँगा भन्दा सहायक हाँगा भए त्यस्ता सहायक हाँगा काट्ने र कोपिला बढ्ाउन प्रोत्साहन गर्ने । रुखमा रोग लागेको किरा लागेको निरन्तर रुपमा काठछाठ गर्ने ।




मर्मतः रुखको काठछाठ पछि रुखको हाँगा कहाँ सम्म फैलिएको छ र हेर्ने र ठिक त्यसको मुनितिर भन्दा एक भित्ता जति पर कुलो बनाई त्यहाँ हड्डीको धुलो र कम्पोष्ट मिसाई पुरिदिने । त्यसठाँउलाई अंग्रेजीमा ड्रिपलाईन पनि भनिन्छ । त्यहि ठाँउको वरिपरि साना मसिना जराहरु रहेका हुन्छन् र ति मसिना जराहरुले नै खाद्य तत्व चुसेर लिने गर्दछ हिल्यै पनि भुलेर फेदमा मल वा पानी हाल्नु हुदैन जसले रुखको डाँढ कुहाउछ ।

यदि पातझर बाली जस्तै कागजी बदाम आरु जस्ता विरुवामा लाईको संकेत हुने देखिए तोरीको तेल १ लि. मा १० लि पानी मिसाउने र तेल पानीमा घुलाउन १०० ग्राम जति गोलो साबुल घोल्ने र विरुवाको सबै भागमा पर्ने गरी छर्ने । यदि रुख विरुवा ओईल्याउने भए बोडो मिश्रण झर्ने ।

**बोडोमिश्रण  बनाउने तरिका**

एउटा प्लाष्ट्रिकको बाल्टिमा १ लि. जति पानी हाल्ने र १०० ग्राम निलो तुथो एउटा कपडामा बेरी आधा पानीमा ढुब्ने गरी डुबाउने, निलो तुथो छिटो नघोलिने हुँदा भोली झर्नु छ भने १ रात अगाडी नै घुलाउने, भोलिपल्ट सबै निलो तुथो घोले पछि त्यस बाल्टिको पानीमा पानी थपी ५ लि. पुऱ्याउने ।

अर्को प्लाष्ट्रिकको बाल्टीमा १०० ग्राम घर पोत्ने चुन ५ लि. पानीमा घोल्ने यि दुबै घोललाई अर्को ठुलो बाल्टिमा मिसाउने मिसाएपछि एउटा खिया नलागेको फलामको हसिया ब्लेट चक्कु वा किला २/३ मिनेट सम्म डुबाउने यदि खिँया लागेको देखिए चुनको मात्रा थप्ने र घोल्दै जाने डुबाएको सामानमा खिया नदेखिए बोडोमिश्रण तयार भयो भन्ने संकेत दिन्छ । तयार भएको बोर्डो मिश्रण २४ घण्टा भित्र झरिसक्नु पर्छ ।